का.जि.प्र.का.द.नं. १००/०५९/६०
२५ साउन २०८१,
शुक्रबार
9 August, 2024
Friday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक १७८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



धनुषाको औरही गाउँपालिका-२ परवाहामा बाढीको पानीमा माछा मार्दै स्थानीय । तस्वीरः चन्द्रदेव साह, रासस

विद्युत महसुल विवाद

# लेखा समितिमा पुग्यो ५० पोका टीओडी डाटा



सार्वजनिक लेखा समितिले विभिन्न उद्योगहरुको टीओडी मिटरको डाटासहितको प्रमाण मागेको थियो । प्राधिकरणले बिहीबार बक्यौता महसुलसम्बन्धी बिल तथा विवरण भनेर बुझाएको छ ।

● **एकराम गिरी**
**प्रवक्ता**
**संसद सचिवालय**

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं २४, साउन ।

नेपाल विद्युत प्राधिकरणले डेटिकेटेड तथा ट्रंकलाइन प्रयोग गरेको उद्योगहरूको टीओडी मिटरको डाटासहितको प्रमाण लेखा समितिलाई दिएको छ ।

उद्योगले बिजुली प्रयोग गरेको प्रमाण मागेपछि प्राधिकरणले लेखा समितिलाई बिहीबार टीओडी डाटासहितको विवरण पठाएको हो ।

लेखा समिति प्राधिकरणसँग



विस्तृत समाचार पृष्ठ ८

टिओडी मिटरको विवरण मागेको एक सातामा प्राधिकरणले ६१ उद्योगीको सुचीसहितको एम पावर लेजर, टिओडी मिटरको डाउनलोड विवरण, लोड प्रोफाइल सहितको टीओडी मिटर डाउन लोड र २०७२ माघदेखि २०७५ बैशाखसम्मको बक्यौता महसुल सम्बधी बिल तथा विवरण पठाएको हो ।

लेखा समितिका सचिव समेत रहेका संघीय संसद सचिवालयका प्रवक्ता एकराम गिरी प्राधिकरणले विवरण उपलब्ध गराएको बताउँछन् ।

'लखा समितिले विभिन्न उद्योगहरूको टीओडी मिटरको डाटासहितको प्रमाण मागेको थियो । प्राधिकरणले बिहीबार बक्यौता महसुल सम्बधी बिल तथा बिवरण भनेर विवरण बुझाएको छ' गिरीले भने ।

कांग्रेस बैठक

# नेतृत्वसँग प्रदेश सभापतिहरू आक्रोशित

प्रदेश समितिलाई बोधार्थ कार्यालयका रुपमा झैं केन्द्रीय नेतृत्वले प्रयोग गरेको भन्दै कांग्रेसका प्रदेश सभापतिहरू केन्द्रीय नेतृत्वसँग आक्रोशित भएका हुन् । प्रदेश समितिको भावना निरन्तर बेवास्ता गरे केन्द्रको निर्णय लत्याउने दिन आउन सक्ने उनीहरूको चेतावनी छ ।



प्रदेश सभापतिहरुले केन्द्रीय नेतृत्वले आफूहरुको अधिकार क्षेत्रमा हस्तक्षेप गरेको बताउनुभएको छ । तर उहाँहरुले भने जस्तै हस्तक्षेप भइरहेको भने होइन ।

**प्रकाशशरण महत**
**प्रवक्ता, कांग्रेस**



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २४ साउन ।

संविधान संशोधन गर्ने सहमतिसहित नेकपा एमालेसँग सत्ता समीकरण गरेर अगाडि बढेको संघीय संसदको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसभित्र संघीयता कार्यान्वयनको अवस्थाबारे छलफल चलेको छ ।

काठमाडौंमा गत बुधबारदेखि जारी कांग्रेसको केन्द्रीय समितिको बैठकमा केन्द्रीय नेतृत्वसँग प्रदेश सभापतिहरू आक्रोशित भएका छन् । उनीहरूले प्रदेश नै वेवास्तामा परेको भनेर केन्द्रीय नेतृत्वको ध्यानाकर्षण गरेका हुन् ।

पार्टी केन्द्रीय कार्यालयमा जारी छलफलमा बिहीबार प्रदेश सभापतिहरू उद्धव थापा, कृष्ण यादव, इन्द्र बानियाँ, शुक्रराज शर्मा, अमरसिंह पुन, ललितजंग शाही र बीरबहादुर बलायरले आफ्नो धारणा राखेका थिए । उनीहरुले संघीयता कार्यान्वयन सही अर्थमा गर्नुपर्ने र यसका लागि राजनीतिक दलहरुले समेत प्रदेशको भूमिका लाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका हुन ।

प्रदेश सरकार हेरफेर, मन्त्री छनोट आदिमा केन्द्रीय नेतृत्वको अस्तक्षेप रहेको र यसले प्रदेश संरचना नपभए पनि हुन्छ भन्ने कतिपयमा परेको गूनासो गरे । अहिलेकै प्रबृति कायम राखे पार्टीभित्रै प्रदेश संरचनालाई लिएर प्रश्न उठ्न सक्ने भन्दै उनीहरुले सही अर्थमा प्रदेश संरचनाको भूमिका ख्याल गरिनुपर्ने बताएका हुन् ।

अन्यथा, प्रदेश कार्यसमितिको भावना निरन्तर पार्टीले वेवास्ता गरे प्रदेश कार्यसमितिले केन्द्रको निर्णय लत्याउने अवस्था आउन सक्ने कतिपय सभापतिको चेतावनी छ । प्रदेश समितिको भावना निरन्तर वेवास्ता गरे केन्द्रको निर्णय लत्याउने दिन आउन सक्ने उनीहरूको चेतावनी छ ।

बागमती प्रदेशका सभापति इन्द्र बानियाँका अनुसार संघीयतामा संघ नीति बनाउने संरचना हो । प्रदेश विकास गर्ने संरचना हो । स्थानीय तह कार्यान्वयन गर्ने संरचना हो । यसअनुसार पार्टीको नीति तय हुनुपर्ने र यही भावना अनुसार कार्य गरिनुपर्नेमा उनको पृष्ठ २ मा

# फेरि क्यालेन्डरविहीन संसद



**शिव विक/मध्यान्ह**
काठमाडौं, २४ साउन ।

प्रतिनिधि सभा फेरि क्यालेन्डर विहीन भएको छ । २०८० साल माघ तेस्रो साताबाट पाक्षिक क्यालेन्डर बनेर चल्दै आएको प्रतिनिधि सभासँग साउन दोस्रो साता यता क्यालेन्डर छैन ।

साउन १ गतेदेखि साउन १५ गतेसम्मका लागि क्यालेन्डर बनेको थियो । तर, त्यसयता क्यालेन्डरबिनै प्रतिनिधि सभाका बैठक चलेका छन् । साउन १८ गते र २१ गते प्रतिनिधि सभाको बैठक चलेको छ । अर्को बैठक साउन २९ गतेका लागि बोलाइएको छ । यी तीन वटै बैठक सभामुख देवराज घिमिरेको तजविजमा राखिएको हो ।

संसदको क्यालेन्डरको विषय प्रतिनिधि सभाकै बैठकमा उठेको छ । यही साउन २१ गते बसेको प्रतिनिधि सभाको बैठकमा प्रमुख प्रतिपक्षी नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले संसदलाई क्यालेन्डर बनाएर चलाउन सभामुख देवराज घिमिरेको ध्यानाकर्षण गरेका थिए ।

'संसदको कामलाई व्यवस्थित गर्न हामीले शुरु गरेको पाक्षिक कार्यतालिका निर्माण र त्यसलाई दृढताका साथ जान म सम्माननीय सभामुखज्यु र सम्मानित सदनको ध्यानाकर्षण गराउँदछु' सोमबार प्रतिनिधि सभाको बैठकमा बोल्दै प्रमुख सचेतक पाण्डेले भनेका थिए ।

पहिलो संविधान सभाको समयमा संसदको क्यालेन्डर अभ्यासमा आएको थियो । तर, राजनीतिक रूपमा प्रभावित भएर अभ्यास नै अन्त्य हुन पुगेको थियो ।

संसद सचिवालयका पूर्वसचिव सोमबहादुर थापाका अनुसार त्यसबेला एक दर्जनभन्दा बढी पटक संशोधन गरे पनि संविधान सभा क्यालेन्डरमा हिंड्न सकेको थिएन । संसद सचिवालयका अधिकारीहरुका अनुसार संविधान सभामा पहिलो पटक अभ्यासमा आएको क्यालेन्डरमा संसद चलाउने प्रयास एक महिनामै बिथोलिएको थियो ।

संसदको कामकारबाही प्रभावकारी बनाउन भन्दै अभ्यासमा ल्याइएको संसद क्यालेन्डर लागू हुन छोडेको छ । शुरुको पाँच महिना क्यालेन्डर लागू भएको भएपनि साउनको दोस्रो साताबाट ब्रेक लागेको हो ।

यसपटक पाँच महिना संसद क्यालेन्डरमा चलिसकेको छ । यसबीचमा संसदको क्यालेन्डर राजनीतिक सत्ता समीकरण हुँदा प्रभावित भएका थिए । तर, क्यालेन्डर नै नबन्ने अवस्था भने यसपटक मात्रै आएको हो ।

सभामुख देवराज घिमिरे राजनीतिक परिवर्तनका कारण विगतमा क्यालेन्डर धेरै प्रभावित भएको स्वीकार गर्छन । तर, क्यालेन्डर नै नबन्ने अवस्थामा सुधार ल्याउन आफू प्रयासरत रहेको उनले बताए । संसदमा कतिपय अवस्थामा पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# काठमाडौंमा ओमानको राजदूतावास खोल्न नेपालको आग्रह

**काठमाडौं/रासस-** नेपाल सरकारले ओमान सरकारसँग काठमाडौंमा राजदूतावास स्थापना गर्न आग्रह गरेको छ । परराष्ट्र सचिव सेवा लम्सालले बुधबार ओमानका उच्च अधिकारीहरूसँग मस्कटमा भएको भेटमा त्यस्तो आग्रह गरेकी हुन् ।

नेपाल-ओमान द्विपक्षीय परामर्श संयन्त्रको पहिलो बैठकमा परराष्ट्र सचिव लम्सालले २१ हजारभन्दा बढी नेपाली ओमानमा कार्यरत रहेका बताउँदै पारस्परिक हितका क्षेत्रमा सहकार्य गर्न आवश्यक भएको बताइन् । मस्कटस्थित नेपाली राजदूतावासका अनुसार बैठकमा नेपाल-ओमान सम्बन्धका सबै पक्षमा छलफल भएको थियो ।

बैठकमा दुवै पक्षले सन् १९७७ मा दुई मुलुकबीच कूटनीतिक सम्बन्ध स्थापना भएयता आपसी सहकार्य र साझेदारी हुँदै आएको चर्चा गर्दै उच्चस्तरीय भ्रमण आदानप्रदान, व्यापार, लगानी, आर्थिक सहयोग, कृषि, ऊर्जा, पर्यटन, श्रम, वैदेशिक रोजगारी, संस्कृति, शिक्षा, सिधा हवाई सम्पर्कलगायत सबै क्षेत्रमा सहकार्य गर्न सहमति जनाएका छन् । बैठकमा दुवै पक्षले जनस्तरको सम्बन्ध अभिवृद्धि तथा पारस्परिक लाभका खातिर आर्थिक लाभका अवसरहरूको उपयोग गर्ने सम्बन्धमा पनि सहमति जनाएका छन् ।

परराष्ट्र सचिव लम्सालले नेपालीलाई रोजगारीका अवसर प्रदान गरेकामा ओमान सरकारप्रति कृतज्ञता ज्ञापन गर्दै ओमानका नरेशको '२०४० दृष्टिकोण र रणनीति'का सन्दर्भमा थप अवसरहरूको खोजीका निम्ति आग्रह गरिन् । उनले आपसी सहकार्यका नयाँ क्षेत्रहरू पहिचान गर्दै निजी क्षेत्रसँग मिलेर आर्थिक, सांस्कृतिक तथा शैक्षिक क्षेत्रमा अर्थपूर्ण साझेदारी गर्नुपर्नेमा जोड दिइन् । नेपालमा लगानीका पर्याप्त क्षेत्र रहेका बताउँदै पराष्ट्र सचिवले जलविद्युत, पर्यटन, हरित हाइड्रोजनलगायत क्षेत्रमा पुँजी परिचालन गर्न आग्रह गरिन् ।

ओमानी प्रतिनिधिमण्डलका नेता शेख खलिफा बिन अलि बिन इसा अलहार्थीले सहमति गरिएका क्षेत्रमा नेपालसँग मिलेर काम गर्न तथा सझदारी गर्न बाँकी विषयलाई टुंग्याउन ओमान सकारात्मक रहेको जानकारी दिए । उनले नेपालीहरूको परिश्रम र इमान्दारीको प्रशंसा गरे ।

दूतावासले जारी गरेको प्रेस विज्ञप्तिअनुसार बैठकमा दुवै पक्षले संयुक्त राष्ट्रसंघलगायत अन्य बहुपक्षीय मञ्चहरूमा सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । साथै दुवै पक्षले बहुपक्षीय क्षेत्रमा सहकार्य एवम् साझेदारीलाई अझ घनिभूत तुल्याउन दृढता पनि पृष्ठ २ मा

## पोर्चुगलमा राहदानी बनाउन नेपालीको घुइँचो



**भरत प्रधान/मध्यान्ह**
लिस्बन, २४ साउन

पोर्चुगलको राजधानी लिस्बनमा सञ्चालित राहदानीसम्बन्धी 'घुम्ती शिविर'मा राहदानी बनाउने सेवाग्राही नेपालीको घुइँचो लागेको छ । गैरआवासीय नेपाली संघ पोर्चुगलको लिस्बनस्थित कार्यालयमा सञ्चालित शिविरमा दैनिक करिब चार सयको हाराहारीमा नेपाली सेवाग्राहीको भीड हुने गरेको छ । गत शुक्रबारबाट शुरु भएको शिविरमा राहदानी विभाग काठमाडौं र फ्रान्सस्थित नेपाली दूतावासको संयुक्त टोलीले सेवा प्रदान गरेको छ । पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com

२५ साउन २०८१, शुक्रबार
9 August 2024, Friday

# थोरै ऋण दिएर धेरै रकमको तमसुक, सात जना पक्राउ




**सपना बोहरा/मध्यान्ह**
दाङ, २४ साउन

दाङमा थोर ऋण दिएर धेरै रकमको तमसुक बनाएको आरोपमा सात जनालाई प्रहरीले पक्राउ गरेको छ। अनुचित लेनदेन गरेको आरोपमा प्रहरीले सात जनालाई पक्राउ गरेको हो। जिल्ला प्रहरी कार्यालय दाङले विज्ञप्ति जारी गरेर दुई पुरुष र पाँच महिलालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय दाङका प्रहरी नायब उपरीक्षक रामप्रसाद तिमिल्सिनाले जानकारी दिए।

पक्राउ पर्नेमा दाङ तुलसीपुरको बिजौरी घर भइ हाल घोराही उपमहानगरपालिका-१५ बिपीचोक बस्ने ५७ वर्षीया माधवा बस्नेत, उनका श्रीमान ५८ वर्षीय धर्मबहादुर बस्नेत, घोराही- १५ की यामाकुमारी बस्नेत, घोराही- ८ का ५१ वर्षीय तिलकबहादुर महरा क्षेत्री, प्रगतिनगर टोलकी ५३ वर्षीया पार्वता केसी, घोराही- १५ बस्ने ३४ वर्षीया ममताकुमारी केसी (डिसी) र घोराही- १५ की ३७ वर्षीया ऋषा बोहरा रहेकी छन्।

पक्राउ परेका मध्येकी माधवा बस्नेतले दाङका मानिसहरुलाई ऋण लगानी गर्ने र चर्को ब्याज असुल्ने गरेको खुलेको छ। उनले ऋण दिनुअघि दस्तखत गराई खाली चेक लिने गरेकी थिइन्। ऋण लिने मानिसहरुबाट खाली चेकमा दस्तखत गराइ चेक लिने गरेको र चेक नभएका मानिसहरुसँग ऋण लिएको भन्दा बढी रकम राखी तमसुक बनाइ ऋण दिँदै आएको प्रहरीले जनाएको छ।

ऋणीहरुसँग सावा ब्याज बापत रकम असुल गरी सकेपछि पनि ऋणीहरुको तमसुक तथा दिएको चेक माग गर्दा निजले हराएको तथा मैले च्याती फाली दिउँला भनी बहाना गर्दै आएकी थिइन्। उनले केही चेकहरुमा आफ्नै नाम राखेर बाउन्स गराएको तथा आफ्नो नाममा बनाएको तमसुकमार्फत आफुले दाङ जिल्ला अदालतमा चेक अनादर तथा लेनदेन कसुरमा मुद्दा दिएकी थिइन्। तर म्याद गएपछि मात्र जाहेरवालाहरुले थाहा पाएका थिए।

बस्नेतले केही तमसुक आफ्नो नजिकका नातेदारहरुलाई लोभ लालच देखाइ उनीहरुको नाममा गराएको र ऋणीहरुबाट लिएको दस्तखत मात्र गरेको खाली चेकमा नाम उल्लेख गरी आफुखुसी रकम भरी चेक दिएको र चेकलाई सम्बन्धित बैंकबाट बाउन्स गराइ दाङ जिल्ला अदालतमा हाल जाहेरीवालाहरुको नाममा चेक अनादर तथा लेनदेन कसुर मुद्दामा मुद्दा दर्ता गराएकी थिइन्। अदालतबाट जाहेरीवालाहरुको नाममा म्याद गएपछि मात्र थाहा पाएपछि अन्यायीहरुकोविरुद्ध साउन २० गते जिल्ला प्रहरी कार्यालय दाङमा अनुचित लेनदेन कसुर मुद्दामा किटानी जाहेरी दरखास्त दिएपछि जाहेरी दरखास्तमा उल्लेखित व्यक्तिहरुलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय दाङले जनाएको छ।

# शिक्षा क्षेत्रमा विकास गर्न सकेमात्र भविष्य उज्जवल : सभापति पोखरेल



**विराटनगर/मस-** प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेलले मोरङको कानेपोखरीमा रहेको शिक्षा माध्यमिक विद्यालयको नवनिर्मित भवनको उद्घाटन गरेका छन्।

बुधबार कानेपोखरी गाउँपालिका वडा नम्बर २ दलेलीमा रहेको विद्यालयको नवनिर्मित १० कोठे भवनको सभापति पोखरेलले रिबन काटेर उद्घाटन गरेका हुन्। सो अवसरमा उनले विद्यालयलाई देशकै नमुना विद्यालय बनाउने गरी काम गर्न निर्देशन दिए। नवनिर्मित भवनको अधिकतम उपयोग गरी विद्यार्थीलाई गुणस्तरीय शिक्षा प्रदान गर्न शिक्षकहरुलाई उनले अनुरोध गरे।

पोखरेलले शिक्षा क्षेत्रमा विकास गर्न सकेमात्र भोलिको भविष्य निर्माण गर्न सकिने बताए।

उक्त भवन २ करोड ७३ लाखको लागतमा निर्माण भएको गाउँपालिकाकी अध्यक्ष राजमती इङनामले जानकारी दिइन्।

कार्यक्रममा पोखरेलसहित गाउँपालिका अध्यक्ष इङनाम, उपाध्यक्ष भोला अधिकारी, वडा नम्बर २ का अध्यक्ष सुशील बुढाथोकीलगायतको उपस्थिति रहेको थियो।

# असमान नेपालको अन्तरक्रिया कार्यक्रम सम्पन्न



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २४ साउन

असमान नेपाल रौतहट, ब्रिटिस काउन्सिल र भि.एस.ओ.द्वारा रौतहटको गढीमाई नगरपालिका तथा गौर नगरपालिकामा सञ्चालित साझेदारी जेम्स परियोजनाअन्तर्गत रि-भ्यु एण्ड प्लानिङ वर्कसपबारे अन्तरक्रिया सम्पन्न भएको छ। अन्तरक्रिया कार्यक्रम गढीमाई नगरपालिका र गौर नगरपालिकामा छुट्टाछुट्टै गरिएको थियो।

गढीमाई नगरपालिकाको सभाहलमा आयोजित कार्यक्रमको प्रमुख अतिथि मेयर श्याम प्रसाद यादवले असमान नेपालको पहलमा भइरहेको कार्यक्रम आमनागरिकका लागि महत्वपूर्ण रहेको बताउँदै नगरपालिकाले पनि सहयोग गर्ने बताए।

यस्तै गौर नगरपालिकामा आयोजित कार्यक्रमका प्रमुख अतिथि उपमेयर शैल कुमारी साहले 'स्वास्थ्य नै धन हो' भन्ने मुख्य विषयबारे चर्चा गर्दै नगरपालिकामा प्रस्तावित जेम्स परियोजनालाई उपलब्धिमुलुक बनाउन हरसम्भव सहयोग गर्ने प्रतिबद्धता जनाइन्।

अन्तरक्रिया कार्यक्रमका प्रमुख संयोजक सञ्जय कुमार यादव, गौर नगरपालिकाका स्वास्थ्य संयोजक मञ्जु रजक, गढीमाई नगरपालिकाका स्वास्थ्य सहजकर्ता सुरज सहनी, सामुदायिक अध्ययन केन्द्रका सहजकर्ता चान्द कुमारी, जेवाईसीका कौशल साह, भिएसओका नेशनल भोलियन्टर आरती पटेल तथा गढीमाई नगरपालिका र गौर नगरपालिकाका वडा अध्यक्षहरुको सहभागिता रहेको थियो।

# 'नेपालको राजनीतिमा महिलाको ठूलो योगदान'

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २४ साउन



नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल महिला संघको ७७ औं स्थापना दिवसको अवसरमा अर्घाखाँचीमा विभिन्न कार्यक्रम गरी सम्पन्न भएको छ।

दैनिक चुलोचौकामा सीमित महिलालाई नेपाली राजनीतिमा स्थापित गर्नका लागि महिलानेत्री मंगलादेवी सिंहको सक्रियतामा २००४ साउन २४ गते नेपाल महिला संघको स्थापना भएको थियो। सिंहको सक्रियतामा काठमाडौंको भेडासिंस्थित चिनियाँलाल श्रेष्ठको घरमा भूमिगतरूपमा महिला भेला भएको थियो। सो भेलाले मंगलादेवी सिंहका अध्यक्षतामा संघको पहिलो ११ सदस्यीय तदर्थ कार्यसमिति गठन भएको थियो। नेपाली कांग्रेस स्थापना भएकै बेला संघको स्थापना भएको महिलानेत्री बताउँछन्।

महिला अधिकारका लागि स्थापना भएको राजनीतिक संगठनले साउन २४ लाई नै नेपाली राजनीतिमा महिलाहरूको प्रवेशका लागि कोशेढुंगाका रूपमा लिने गरिएको नेताहरु बताउँछन्। नेपाली कांग्रेसका लुम्बिनी प्रदेश सहमहामन्त्री विष्णु प्रसाद खनाल मुस्कानले राजनीतिमा महिलाको ठूलो योगदान रहेको बताउँदै लोकतन्त्र स्थापनामा नेपाली महिलाको महत्वपूर्ण भूमिका रहेको बताए।

सन्धिखर्कमा भएको कार्यक्रममा बोल्दै सहमहामन्त्री मुस्कानले नेपाली महिलाले नेपाली राजनीतिमा गरेको योगदानको आधारमा आगामी निर्वाचनमा महिला पुरुषलाई समान ढंगले प्रत्यक्ष निर्वाचनमा सहभागी गराउनुपर्नेमा जोड दिए।

घरभित्रको काममा सीमित महिला २००४ मा संगठित भएसँगै वि.सं २००७, २०३६, २०४६ र २०६२/६३ मा भएको राजनीतिक आन्दोलनमा सक्रिय भूमिका निर्वाह गरकेले नेपाल महिला संघ अब्बल संस्था भएको वक्ताहरुले बताएका थिए।

कार्यक्रममा नेपाली कांग्रेस अर्घाखाँचीका पूर्व पार्टी सभापति कमल प्रसाद भुसालले देशको कुल जनसंख्याको आधा जनसंख्या भएको महिलालाई हरेक क्षेत्रमा बराबर अधिकार स्थापित गर्नका लागि आगामी दिनमा महिला संघ लाग्नुपर्ने बताए।

कार्यक्रम नेपाली कांग्रेस लुम्बिनी प्रदेश सदस्य तथा महिला विभाग प्रमुख शान्ता भण्डारीले महिलाले निर्वाचनमा जुन हिसाबले टिकट पाउनुपर्ने र सरकारमा जानुपर्ने हो, त्यो पाउन नसकेको गुनासो गरिन्। 'देशको कुल जनसंख्याको आधाभन्दा बढी जनसंख्या रहेको महिलालाई जनसंख्याको अनुपातमा टिकट दिँदा पुरुष पनि समानुपातिकमा जाने मौका पाउन सक्छन्, यो पुरुष र महिला दुवैका लागि राम्रो कुरा हो' भण्डारीले भनिन्। राजनीतिक दलले महिलालाई प्रत्यक्षमा निर्वाचन लड्ने मौका दिनुपर्ने भण्डारीको भनाइ छ।

कार्यक्रममा नेपाली कांग्रेसका जिल्ला उपसभापति बिष्णु प्रसाद भुसालले महिला आन्दोलनका कारण पछिल्लो समय महिलाहरू राजनीति र देशका अन्य तहमा पुगेको बताए। 'महिला आन्दोलनको उपलब्धि जुन हिसाबले अगाडि बढ्नुपर्ने हो, त्यो बढ्न नसक्नु दुःखको कुरा हो, तर संविधानमा ३३ प्रतिशत महिला अधिकार सुनिश्चित गरेको छ, त्यो महिला आन्दोलनका कारण भएको हो' भुसालले भने।

कार्यक्रममा जिल्ला उपसभापति बाबुराम पौडेलले अहिले प्राप्त महिला अधिकारको रक्षा गर्दै आगामी दिनमा अगाडि बढ्न महिला नेताहरूलाई आग्रह गरे। कार्यक्रममा जिल्ला सचिव कृष्णप्रसाद खनालले महिला आन्दोलनकै कारण देशको कार्यकारी पदमा महिला पुगेको बताए।

कार्यक्रममा नेपाली कांग्रेसका कोषाध्यक्ष बिष्णु क्षेत्री, नेता छविलाल पौडेल, नेपाली कांग्रेसका जिल्ला सदस्य लिलाराम गौतम, लिलाधर बस्याल, हरि प्रसाद दमासे, यमराज पाण्डे, मिना बस्याल, रेमकला खत्री, महाधिवेशन प्रतिनिधि चन्द्रा गैरे, नेपाली कांग्रेस अर्घाखाँचीका पूर्व सचिव लोकेन्द्र वि.क, नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधि लक्ष्मी श्रेष्ठ, महाधिवेशन प्रतिनिधि पिताम्बर खनाल, नेपाली कांग्रेस प्रदेश सभा 'ख' का सभापति हेमन्त बेल्वासे, नेपाली कांग्रेस सन्धिखर्क नगरपालिका सभापति बाबुराम भुसाल लगायतले मन्तव्य राखेका थिए।

महिला संघका नेता छमा कार्कीको सभापतित्व भएको कार्यक्रममा इन्द्रकला गैरेले स्वागत मन्तव्य राखेकी थिइन्। कार्यक्रम सञ्चालन महिला नेतृ लक्ष्मी पौडेलले गरेकी थिइन्।

# 'विद्यालय तहदेखि नै सहकारी शिक्षा आवश्यक'



**राजकुमार के.सी./मध्यान्ह**
मकवानपुर, २४ साउन

राष्ट्रिय सहकारी महासंघका सञ्चालक बद्री प्रसाद लम्सालले विद्यालय तहदेखि नै सहकारी शिक्षाको आवश्यक रहेको बताएका छन्।

हेटौंडा उपमहानगरपालिका वडा नं. २ मा मुख्य कार्यालय रहेको नमूना प्रगति बचत तथा ऋण सहकारी संस्थाको २७ औं स्थापना दिवसको अवसरमा मकवानपुर जिल्लास्तरीय माध्यमिक तह वक्तृत्वकला प्रतियोगिता उनले राष्ट्रको आर्थिक समृद्धिमा सहकारी संघसंस्थाको महत्वपूर्ण भूमिका रहेको बताए।

सहकारी संस्थाका अध्यक्ष मिठाराम दाहालको अध्यक्षतामा भएको कार्यक्रममा सञ्चालक अर्पण पराजुलीले सञ्चालन र उपाध्यक्ष एवम् बागमती प्रदेश सभा सदस्य एकालाल श्रेष्ठले स्वागत मन्तव्य राखेका थिए।

कार्यक्रममा जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुर अध्यक्ष एवम् प्रतियोगिताकी निर्णायक संयोजक कल्पना श्रेष्ठ, हातेमाले बचत तथा ऋण सहकारी संस्था हेटौंडाका अध्यक्ष हरिप्रसाद पौडेल, राष्ट्रिय सहकारी बैंक बागमती प्रदेश कार्यालय प्रमुख रामेश्वर अर्याल, साहित्य संगम मकवानपुरका अध्यक्ष डि.बि. बर्तौला, सचिव मनोज पोखरेल, नेफ्स्कुन फिल्ड कार्यालय हेटौंडाका इञ्चार्ज बिदुर खड्का, निर्णायकहरु सुवास खनाल, विश्वनाथ सञ्जेल, लगायतको आतिथ्यता रहेको थियो।

प्रतियोगितामा हेटौंडाको जेनिथ ईङ्लिस बोर्डिङ स्कुलकी छात्रा कुसुम खड्का प्रथम भएकी छिन्। यस्तै बालजागृति इङ्लिस बोर्डिङ स्कुलकी छात्रा देविना सञ्जेल, हेटौंडा क्याम्पसकी छात्रा सुशिला तामाङ र भुटनदेवी माविका छात्र सिद्धान्त फुयाल क्रमशः द्वितीय, तृतीय र सान्त्वना भएका थिए।

'आर्थिक समृद्धिमा सहकारीको भूमिका' विषयक प्रतियोगितामा जिल्लास्थित विभिन्न विद्यालयका २७ छात्रा र ११ छात्र गरी ३८ जना सहभागि भएका थिए।

साहित्य संगम मकवानपुरको व्यवस्थापनमा भएको प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय, सान्त्वना स्थान हासिल गर्नेलाई छात्रवृत्ति स्वरुप क्रमशः नगद ५ हजार, ३ हजार, २ हजार, १ हजार र प्रमाणपत्र प्रदान गरिएको थियो।

सहकारी संस्थाले हरेक वर्ष साउन २४ गते स्थापना दिवसको अवसरमा विभिन्न रचनात्मक कार्यक्रमहरु सञ्चालन गर्ने क्रममा यो वर्ष माध्यमिक तह विद्यालय स्तरीय वक्तृत्वकला प्रतियोगिता आयोजना गरिएको संस्थाका व्यवस्थापक बद्रीप्रसाद भण्डारीले बताए।

सहकारी संस्थाको मुख्य कार्यालयसहित एक सेवा केन्द्रमार्फत हेटौंडा उपमहानगरपालिकासहित बकैया गाउँपालिका र मकवानपुरगढी गाउँपालिका कार्यक्षेत्रमा २ हजार ५ सय ९२ जना सदस्यहरु माझ सहकारी गतिविधि सञ्चालन गर्दै आएको छ। संस्थामा ४ महिला र २ जना पुरुष सहित ६ जना कर्मचारी सेवारत छन्।

# नाग पञ्चमी मनाइँदै



**काठमाडौं/मस-** श्रावण शुक्ल पञ्चमीका दिन प्रत्येक वर्ष मनाइने नाग पञ्चमी आज परम्पराअनुसार नागको पूजा गरी मनाइँदै छ।

नागका बाह्र नाम भए पनि आठ कूलका आठ वटा नागको पूजा गर्ने वैदिक सनातनकालदेखिको परम्परा छ। अनन्त, वासुकी, पद्म, महापद्म, तक्षक, कुलीर, कर्कट र शंख गरी आठ नागलाई आजको दिन ब्राह्मण पुरोहितबाट पूजाआजा गरी घरको ढोकामाथि टाँसिन्छ। आजको दिन घरमा नाग टाँसेपछि खेतबारीमा खनजोत नगर्ने र नाग, सर्प लगायतका घिस्रने जनावरलाई मार्नु हुँदैन भन्ने मान्यता छ।

घरका मूलढोकामा नागको तस्वीर टाँसेर पूजा गर्दा वर्षभर घरमा नाग, सर्प र बिच्छीलगायतका जीवले दुःख नदिनुका साथै अग्नि, मेघ र चट्याङको भयबाट पनि बच्न सकिन्छ भन्ने धार्मिक विश्वास छ। वैदिक मान्यताअनुसार नागलाई सर्पको राजा मानिन्छ। आज बिहानैदेखि काठमाडौंको नागपोखरी र टौदह, भक्तपुरको सिद्धपोखरी लगायत देशभरका नागदह, कुण्ड, र नाग स्थानमा विशेषरुपमा पूजा गरी नागको सम्मानका साथ गाईको दूध, अक्षता, दुबो, खीर र रोटी लगायतका परिकार चढाउने गरिन्छ।

## नेतृत्वसँग...

जोड छ। देशको सबैभन्दा ठूलो पार्टीले नै संघीयताको असल अभ्यास नगरे कसले गर्छ भन्ने पनि उनको प्रश्न छ।

कांग्रेसका प्रवक्ता प्रकाशशरण महत प्रदेश सभापतिहरूले केन्द्रीय नेतृत्वले आफूहरुको अधिकार हस्तक्षेप गरेको आरोप लगाएको स्वीकार गर्छन। प्रदेश सभापतिहरूले यस्तो बताएपनि नेतृत्वले त्यस्तो हस्तक्षेप नगरेको भन्दै उनले बचाउ गरे।

'प्रदेश सभापतिहरूले केन्द्रीय नेतृत्वले आनफूहरुको अधिकारक्षेत्रमा हस्तक्षेप गरेको बताउनुभएको छ। तर, उहाँहरुले भने जस्तै हस्तक्षेप भइरहेको भने होइन' बैठकपछि उनले पत्रकार हरूसँग भने।

संघीयताको अभ्यास रहेको अन्य देशमा समेत केन्द्रबाटै गएर निर्देशन दिने प्रचलन रहेको तर, नेपालमा त्यसअनुसार निर्देशन दिने भन्दा पनि सामान्य सुझाव दिने गरिएको प्रवक्ता महतले बताए।

प्रवक्ता महतका अनुसार केन्द्रीय समिति यही साउन २८ गतेसम्म चल्नेछ। बैठकमा महासमिति बैठकबाट पारित प्रस्ताव, राष्ट्रिय सहमतिको सरकार गठनका सम्बन्धमा भएको सहमति, १०० दिने सांगठनिक अभियान, भ्रातृ संघ तथा शुभेच्छुक संस्था लगायतका एजेण्डा प्रस्तुत भएका छन्।

तर, कांग्रेस नेता मीन विश्वकर्मा प्रदेश सभापतिहरूले अधिकारका विषयमा गुनासो गर्नु स्वभाविक रहेको बताउँछन्।

प्रदेश सरकार बनाउँदा वा उम्मेदवार छनोट गर्दा अलि बढी हस्तक्षेप केन्द्रबाट भएको सभापतिहरूको गूनासाका आधारहरू समेत रहेको उनी बताउँछन्। मुख्यमन्त्रीहरू नै डेलिगेशनमा भएको बेला प्रदेश सभापतिहरूले गुनासो गर्नु स्वाभाविक रहेको उल्लेख गर्दै उनले यसमा केन्द्रीय गम्भीर बन्नुपर्ने सुझाउँछन्।

## फेरि...

निर्णय गर्न आवश्यक सांसदको कोरम नपुग्दा बैठक सर्ने र त्यसले अर्को दिनको कार्य बोझ बढ्ने जस्ता गतिविधि हुने गरेका छन्। यसलाई रोक्ने उद्देश्यले पहिलो संविधान सभाले संविधान निर्माणको कार्यतालिका निर्माण गरेको भए पनि कार्यान्वयन हुन सकेको थिएन।

फेरि पनि दलहरूले विषयगत रूपमा हुनुपर्ने छलफल र सहमति जुटाउन लामो समय लगाउने गरेका कारण सहजीकरणका लागि संसदको क्यालेन्डरका लागि लविइङ गरेका थिए।

४ मंसिर २०७९ मा निर्वाचित भएर आएका सांसदहरुको संसदको क्यालेन्डरका लागि दहिलो लविइङ गरेका थिए। सांसदहरुको दहिलो लविइङकै आधारमा संसदीय क्यालेन्डरको विषयलाई प्रतिनिधिसभा नियमावली २०७९ मा समावेश गरिएको थियो।

तर, बाध्यकारी गरिएको छैन। संसदको कामकारबाहीको सम्बन्धमा कार्यतालिका बनाई लागू गर्ने प्रयास पहिलो संविधान सभामा असफल भएको अनुभवका आधारमा यसपटक कार्य व्यवस्था परामर्श समितिले क्यालेन्डर बनाएर लागू गर्ने गरी व्यवस्थित गरिएको छ। यसअनुसार पाँच महिना अभ्यास भएको छ। तर, पछिल्लो समय कार्यतालिका नै नबन्ने अवस्थामा पुगेको हो।

## काठमाडौंमा...

व्यक्त गरेका छन्।
परराष्ट्र सचिव लम्सालले बुधबार नै ओमानका श्रममन्त्री डा महद बिन सइद बिन अली वाओइनसँग शिष्टाचार भेट गरिन्। त्यस अवसरमा श्रमिक आपूर्ति तथा श्रम क्षेत्रमा सहकार्य गर्नेसम्बन्धी समझदारीपत्रमा हस्ताक्षरका साथै रोजगारीका अवसर उपलब्ध गराउनेबारेमा छलफल भएको थियो। सन् २०१७ मा नेपाल र ओमानबीच द्विपक्षीय परामर्श संयन्त्र गठन भएको हो। संयन्त्रको अर्को बैठक दुवै पक्षलाई अनुकूल हुने समयमा काठमाडौंमा आयोजना गरिनेछ।

## पोर्चुगलमा...

शिविरमा बुधबारसम्म दुई हजारभन्दा बढीको विद्युतीय राहदानी (ई-पासपोर्ट)का लागि 'बायोमेट्रिक' विवरण संकलन गरिएको टोलीले जनाएको छ। सेवाग्राहीको चाप र राहदानी बनाउनेको संख्या धेरै देखिएकाले थप एक दिन थपेर अगष्ट १२ तारिकसम्म सेवा दिने तयारी गरिएको टोली प्रमुख एवम् विभागका निर्देशक मोतिबहादुर श्रीसले जानकारी दिए।

घुम्ती शिविरलाई लिस्बनस्थित अवैतनिक नेपाली महावाणिज्यदूतावास, गैरआवासीय नेपाली संघ पोर्चुगलसहित यहाँ क्रियाशील नेपाली संघसंस्थाले समन्वय र सहजीकरण गरेका छन्।

**थुलुङ(राई) सामाको विशेष राष्ट्रिय सम्मेलन सारिएको सूचना !!!**

यस संस्थाको पूर्व प्रकाशित सूचनामा उल्लिखित समय, मिति र स्थान देहाय बमोजिम परिवर्तन गरिएको छ। यस्तै सामाको साधारण सदस्यता नवीकरण तथा वितरणसमेत भइरहेको जानकारी गराइन्छ।
समय :- बिहान १० बजेदेखि। मिति :- २०८१ भदौ २२ र २३ गते।
स्थान :- गोकर्णेश्वर न.पा.७ दक्षिणढोका, (सामाको जग्गा) काठमाडौं।
थुलुङ (राई) सामा,
केन्द्रीय कार्यालय काठमाडौं।

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी: KALPATARU PROJECTS INTERNATIONAL LIMITED    शहर: Saudi Arabia
पुर्व स्वीकृत मितिः २०८१/०४/२४    चलानी नं.: ६०२२३२८९    L.T. No.: 308619

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रु. | | | | | | | |
| 1. | Construction Worker/general Worker | 25 | 0 | स. काममा दक्ष | 1000 | ३५,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन ३२ गते (16 August 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

Govt. Lic. No. 1035/072/073
Lulu International Pvt. Ltd.
Samakhushi-29, Kathmandu, Tel: 01-4387319, 4351637
Mob.: 9851083549, 9841301232, 9818065184

# स्वास्थ्य सेवा ऐन २०७८ कार्यान्वयन गर्न सुझाव संकलन गर्दै कर्णाली सरकार

दिलमाया शाही/मध्यान्ह
जुम्ला, २४ साउन

कर्णाली प्रदेश सरकारले वि.सं २०७८ सालमा बनाएको कर्णाली प्रदेश स्वास्थ्य सेवा ऐन २०७८ को उत्तर विधायिकी परीक्षणका लागि कर्णाली प्रदेश सभा सामाजिक जपकास समितिको टोली जुम्लामा आइपुगेको छ। समितिले ऐन कार्यान्वयनको अवस्थाको विषयमा जुम्लामा समेत सरोकारवाला निकायसँग छलफल गरेको हो ।

प्रदेश सभा ज्येष्ठ सदस्य सांसद कलबहादुर हमाल, सांसद मिलन खड्का, रोकाया इन्द्रा कुमारी शाहीसहितको सामाजिक विकास समितिको टोलीले बिहीबार जुम्लामा स्वास्थ्य सेवा ऐनको विषयमा सुझाव संकलन गरेको छ।

जुम्लामा ऐन कार्यान्वयनको अवस्था र सुझावका लागि ऐनको कार्यान्वयन तथा प्रमुख मूल्यांकन सार्वजनिक सुनवाइ कार्यक्रममा समितिलाई विभिन्न




सुझावहरु दिइएको छ । कार्यक्रममा जिल्ला समन्वय समिति जुम्लाका प्रमुख गौरीनन्द आचार्यले जिल्लाबाट आएका सुझाव समेट्न अनुरोध गरे । उनले प्रदेश सरकारले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पतालको विषयमा ध्यान दिनेगरी बजेट दिनुपर्ने बताए।

त्यस्तै प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरेले कर्णालीमा कुपोषण बढी भएकाले कुपोषण शिक्षा दिन आवश्यक रहेको बताए । उनले यौन शिक्षा, सामाजिक विकृति हटाउने कार्यक्रम र सामाजिक सद्भावका कार्यक्रमह सञ्चालन गर्न आबश्यक रहेको बताए। प्रहरी नायव उपरीक्षक छेदीलाल कामतीले लागुऔषध नियन्त्रणका लागि किट मेसिनसहित आवश्यक उपकरण उपलब्ध गराउन प्रदेश सरकार र सामाजिक समितिलाई अनुरोध गरे।

त्यस्तै वरिष्ठ अधिवक्ता देवेन्द्रराज शर्माले स्वास्थ्य सेवा ऐनका व्यवस्था कार्यान्वयनतिर सबैले जोड दिनुपर्ने बताए। कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पतालका डिन प्रेम प्रोखरेलले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानले अगाडि सारेको एक सय बेडको अस्पताल निर्माण कार्यक्रमलाई सघाउन अनुरोध गरे ।

कार्यक्रममा कर्णाली प्रदेश सभा सामाजिक विकास समितिका ज्येष्ठ सदस्य कलबहादुर हमालले समितिले ऐन बनेको ३ वर्ष पछाडि उत्तर परीक्षण गर्ने भएकाले कर्णालीका जिल्लाभर सामाजिक समितिको टोली अहिले हिँड्ने गरेको बताए । कार्यक्रममा सामाजिक विकास समितिले ऐनको प्रावधानको विषय र जनस्वास्थ्य सेवा कार्यालय जुम्लाले जिल्लामा भएका कामका विषयमा प्रस्तुतीकरण गरेका थिए।

## विद्युत प्राधिकरण बुटवल वितरण केन्द्रका सहायक लेखापालविरुद्ध भ्रष्टाचार मुद्दा



**काठमाडौं/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपाल विद्युत प्राधिकरण बुटवल वितरण केन्द्रका सहायक लेखापाल सुधिर कुमार चतुर्वेदीविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । नक्कली शैक्षिक प्रमाणपत्र पेस गरी सरकारी सेवा प्रवेश गरेको आरोपमा अख्तियारले चतुर्वेदीविरुद्ध बिहीबार विशेष अदालतमा मुद्दा दायर गरेको हो।

चतुर्वेदी २०६६ कात्तिक ९ मा सेवा प्रवेश गरेका थिए । नेपाल विद्युत प्राधिकरण बुटवल वितरण केन्द्र, रुपन्देहीमा क्लर्क (लेखा तह-घ) पदमा पदस्थापन भएका चर्तुर्वेदी त्यसपछि बढुवा भइ सहायक लेखापाल बनेका थिए।

सेवा प्रवेश गर्दा चर्तुर्वेदीले विहार संस्कृत शिक्षा बोर्डबाट मध्यमा (हाइस्कूल) तह द्वितीय श्रेणीमा उत्तीर्ण गरेको लब्धांक पत्र, अस्थायी प्रमाणपत्र, श्री जगनाथ शाह संस्कृत प्रा सह माध्यमिक विद्यालय, कौडिहार चौक महाविर नगर, रक्सौल पूर्वी चम्पारण (विहार) बाट जारी आचरण प्रमाणपत्रलगायत शैक्षिक योग्यताका कागजात पेस गरेका थिए।

अनुसन्धानका क्रममा उनले पेस गरेका सबै कागजातहरु नक्कली भएको भेटिएको अख्तियारले बताएको छ। झुट्टा तथा नक्कली शैक्षिक योग्यताका प्रमाणपत्रहरु पेस गरी हालसम्म कार्यरत रही ओहोदा, लाभ र सुविधा प्राप्त गरेको पुष्टि भएकाले चतुर्वेदीविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको अख्तियारका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए।

## कमला पुल पुन:निर्माणका लागि दबाब दिन र्‍याली



राम पुकार यादव/मध्यान्ह
सिरहा, २४ साउन

हुलाकी सडकअन्तर्गत नयाँ कमला पुल पुन:निर्माण कार्यका लागि सिरहामा दबाबमुलक र्‍याली कार्यक्रम गरिएको छ । नेपालको सबभन्दा पुरानो राजमार्गको रुपमा रहेको हुलाकी सडकअन्तर्गत कमला पुल पुन:निर्माणमा ढिलाइ भएपछि सिरहास्थित नागरिक समाजको अगुवाइमा र्‍याली कार्यक्रम गरिएको हो।

करिब १३ वर्षअघि निर्माण भएर उद्घाटनको तयारी गरिएको वेला कमलामा आएको बाढीले पुल भासिएको थियो । उक्त पुल अझै पुन:निर्माण नभएको हो।

प्रदेश तथा संघीय सरकारका विभिन्न मन्त्रीलाई यस विषयमा ध्यानाकर्षण गराउँदा समयमा पुल बन्न नसकेको स्थानीयको गुनासो छ । सोही कारण बाध्य भएर पुन:निर्माणको कार्य शुरु गर्नका लागि दबाब दिन र्‍याली गरिएको नागरिक समाजले जनाएको छ।

कार्यक्रममा प्रदेश सभा सदस्य प्रमोद कुमार यादव, वरिष्ठ पत्रकार देव कुमार यादव, सिरहा नगरपालिका वडा नम्बर ११ का अध्यक्ष विनोद कुमार कामती, नागरिक समाजका अगुवा नेता कार्यकर्तालगायतको उपस्थिति रहेको थियो।

## प्रहरी हुँ भन्दै रकम असुली गरेको आरोपमा एक जना पक्राउ

कृष्ण तिवारी/मध्यान्ह
रौतहट, २४ साउन

सादा पोशाकको प्रहरी हुँ भन्दै रकम असुली गरेको आरोपमा रौतहटमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा रौतहटको माधवनारायण नगर पालिका-१ का २४ वर्षीय रमेश साह रहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जानकारी दिएको छ।

साहलाई इलाका प्रहरी कार्यालय चन्द्रनिगाहापुरको टोलीले चन्द्रपुर नगरपालिका-९ डुमरिया चोकबाट मंगलबार राति पक्राउ गरेको हो । उनले बोकेको झोलाबाट सशस्त्र प्रहरी बलको पोशाकसमेत बरामद भएको प्रहरीले जनाएको छ।



साहले आफू सादा पोशाकको प्रहरी भन्दै सर्वसधारणलाई धम्क्याउँदै रकम असुल गर्ने गरेको पाइएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डिएसपी एलिजा गिरीले जानकारी दिइन्। साहविरुद्ध सार्वजनिक मुद्दाअन्तर्गत अभद्र व्यवहार मुद्दा दायर गरी जिल्ला प्रशासन कार्यालय रौतहटबाट म्याद थप गरी अनुसन्धान भइरहेको प्रवक्ता गिरीले जानकारी दिइन्।

## कर्णालीमा पहिलो पटक 'कर्णाली युवा जागरण' कार्यक्रम हुँदै



कुलेन्द्र शाही/मध्यान्ह
सुर्खेत, २४ साउन

कर्णालीमा पहिलो पटक कर्णाली युवा जागरण कार्यक्रम आयोजना गर्न लागिएको छ । अन्तर्राष्ट्रिय युवा दिवसको अवसर पारेर दृष्टि नेपालको आयोजनामा कर्णालीका १० वटै जिल्लाका युवाको प्रतिनिधित्व हुने गरी शुक्रबार वीरेन्द्रनगरमा कार्यक्रम गर्न लागिएको हो । बिहीबार जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा जलवायु परिवर्तन र यसको न्यूनीकरण सम्बन्धी विषय विज्ञहरूसँग छलफल गरिने जनाइएको छ।

जलवायु परिवर्तनको अवस्था, कर्णालीमा यसको प्रभाव, मानव स्वास्थ्यमा परेका असरका बारेमा गहन छलफल गरिने दृष्टि नेपालका अध्यक्ष जीवराज केसीले बताए । कार्यक्रममार्फत युवालाई उद्यमसँग जोडन तीनै तहका सरकारले गरेका पहल, नीतिगत व्यवस्था र तिनको कार्यान्वयनमा युवाको भूमिका बारे छलफल गरिने उनले बताए।

कर्णालीका १० वटै जिल्लाका युवा सँग एकसाथ जोडिने माध्यम बनाई कला सांस्कृतिक र प्राकृतिक सम्पदाको जगेर्नाको महत्त्व बारे जानकारीसहित युवाको प्रतिबद्धता गराउने लक्ष्य राखिएको अध्यक्ष केसीले बताए। कार्यक्रम सिद्धार्थ सहकारीको सभा हलमा बिहान १० बजेबाट शुरु हुनेछ। कार्यक्रममा प्रमुख वक्ताहरू कर्णाली प्रदेशका सामाजिक विकास मन्त्री घनश्याम भण्डारी, मध्यपश्चिम विश्वविद्यालय विज्ञान तथा प्रविधि संकायका डिन डा. सुदीप ठकुरी, डाक्टर नवराज केसीलगायत रहने आयोजकले जनाएको छ। कार्यक्रममा प्रदेशभरबाट एक सय ५० जना युवाहरूको सहभागिता रहनेछ।

### नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
### कम्पनीको हकदावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०७५/०९/०४ मा दर्ता भएको **हरिओम जगदम्बा जयमातादी श्रमिक सेवा प्रा. लि. (प्रा.लि. नं. २०४७५९)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

### कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय सँचालन गर्न इजाजत प्राप्त यस **Ideal International Recruitment Pvt ltd** (**श्रम इजाजत पत्र नं. १६९०/०८०/०८१**) मा **Manager** पदमा कार्यरत कोटेली-४, डडेल्धुरा स्थायी ठेगाना भएको कर्मचारी : **चेतराज जोशी** (नागरिकता नं.: ७४१००२/१६०), हाल यस कार्यालयमा कार्यारत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि कार्य/आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे/गरायमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दावी विरोध भएमा ७ दिनभित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभागमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ।

Ideal International Recruitment Pvt. Ltd.
श्रम इजाजत नं. १६९०/०८०/०८१ Tokha -10, Samakhushi, Kathmandu, Nepal. Tel : 01-5920822, 5920823


## यूएईमा रोजगार
कम्पनी : RASHID ALI HASSAN CAFETERIA L.L.C.
शहर: UAE

पूर्व स्वीकृत मितिः २०८१/०४/२४ | चलानी नं.: ६०२२३२८६ | LT. No.: 308673

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ४०,१३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Sandwich Maker | 3 | 0 | | 1200 | ४३,७८८ | | | | | | | |
| 3. | Waiter | 2 | 0 | | 1200 | ४३,७८८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन ३२ गते (16 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Young Manpower Pvt. Ltd.
P.Box: 26144, Battisputali-9, Kathamandu, Tel: 014583814/15/16/17
Email:youngmanpower123@gmail.com
Govt Lic. No. 1047/073/074



## SAUDI मा रोजगार
कम्पनी : TUT ONE HOTEL COMPANY
शहर : Saudi Arabia, Riyadh

पूर्व स्वीकृत मितिः २०८१/०४/२४ | चलानी नं.: ६०२२३२८५ | LT. No.: 308517

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 3 | 0 | स. काममा दक्ष | 1800 | ६४,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन ३२ गते (16 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

आयुष इन्टरनेशनल ओभरसिज सर्भिसेज प्रा. लि.
पो.ब.नं. १०३०४, का. म. न. पा.-०३, बसुन्धरा, काठमाडौं
फोन: ४३७९०९१, ४३७६५६६, फ्याक्स: ४३७९०४७, Email: -info@ayushintl.com
मोबाईल नं.: ९८०१२८०८०४/ ९८०१२८०८२३ / ९८०१२८०८२५
श्रम इजाजत नं. ६८८/०६३/०६४



## QATAR मा रोजगार
कम्पनी : AECOR INTERNATIONAL TRAINING WLL.
शहर: DOHA

पुर्व स्वीकृत मितिः २०८१/०४/२३ | चलानी नं.: ६०२२३२३६ | L.T. No.: 308564

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Senior Accountant | 1 | 0 | सम्बन्धित काममा दक्ष | 4000 | १४७,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Administration Coordinator | 2 | 0 | | 4000 | १४७,०४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन ३२ गते (16 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Gulf Manpower Services Pvt. Ltd.
Hattigauda, Kathmandu, Nepal, Tel: 01-4374395, 4379332, 4379333
Fax: 01-4435443, E-mail: gulf@mos.com.np, info@gulfmanpower.com.np
Website: www.gulfmanpower.com
श्रम इजाजत नं. ०२३/०४८/०४९



## साइप्रसमा रोजगार
कम्पनी: D.I. MAIN-LINE JOB AGENCY
शहर: Limassol

पूर्व स्वीकृत मितिः २०८१/०२/२७ | चलानी नं.: ६०२२०७७० | LT. No.: 306044 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Housekeeping | 0 | 20 | स. काममा दक्ष | 700 | १०२,४७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: D.I. MAIN-LINE JOB AGENCY
शहर: Limassol

पूर्व स्वीकृत मितिः २०८१/०२/२७ | चलानी नं.: ६०२२०७७२ | LT. No.: 306046 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 5 | 15 | स. काममा दक्ष | 700 | १०२,४७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा मिति २०८१ साउन ३२ गते (16 August 2024) मा हुनेछ ।

Candidates with relevant work experience and strong English proficiency are encouraged to apply." Priority for Overseas Experience !

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ८०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

LANGTANG OVERSEAS PVT.LTD.
Govt. Lic. No.:1643/080/081
Basundhara-03, Kathmandu Nepal. Tel No: 014971229, 015903078, 015903079
info@langtangoverseas.com www.langtangoverseas.com
9707312439 | 9851161229 | 9851358932



## Cyprus मा बैदेशिक रोजगारको अवसर
पून विज्ञापन

१. कम्पनी: Red Panda Employment Private Employment Agency, Limassol, Cyprus
पूर्व स्वीकृती मिति २०८०।०६।११ | चलानी नं. ६०२०८३२१ | LT.No. 293180

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Employee | 10 | - | काममा दक्ष | 700 | १०२,४२८।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

२. कम्पनी:- DIA Recuritment & Immiragation Services Ltd., Limassol, Cyprus
पूर्व स्वीकृती मिति २०८०/०७/१६ | चलानी नं. ६०२०९७१६ | LT.No. 294708

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Employee | 10 | - | काममा दक्ष | 700 | १०२,४२८।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

३. कम्पनी: Global Tree Recruitment Ltd, Paphos, Cyprus
पूर्व स्वीकृती मिति २०८०।०८।१८ | चलानी नं. ६०२१०५५५ | LT.No. 295820

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव EURO | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Condition Technician | 05 | - | काममा दक्ष | 900 | १३१,६९३।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Electrician | 04 | - | | 900 | १३१,६९३।- | | | | | | | |
| 3 | Alumimium Febricator | 03 | - | | 900 | १३१,६९३।- | | | | | | | |
| 4 | Plumber | 04 | - | | 900 | १२८,५९३।- | | | | | | | |

४. कम्पनी: Spotcycrists Services, Nicosia, Cyprus
पूर्व स्वीकृती मिति २०८०/०७/१६ | चलानी नं. ६०२०९७१९ | LT.No. 294711

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | 01 | - | काममा दक्ष | 314 | ४५,९४६।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क र कुल लागत सहित लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | सि.नं. १ र २ सम्म रु १०,०००।- सि.नं. ३ र ४ को रु. ३५,०००।- |

अन्तर्वार्ता मिति २०८१ साउन ३२ गते (16 August, 2024) मेनपावर कार्यालय गोंगबुमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :-१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला। २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनु होला। ५) विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला। सो को १ प्रति आफूसंग राख्नु होला। ६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला। अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग बुढानगर, काठमाण्डौमा सम्पर्क राख्नु होला।

S.R.C. Job Placement Pvt. Ltd.
Gov. Lic. No. 1585/079/80 Gongabu-26, KTM. Phone:- 01-5915880, 5916880, Email:- info@srcjobplacement.com



GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005 / 9746459621
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!

TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
२५ साउन २०८१, शुक्रबार
9 August 2024, Friday

## सम्पादकीय

# लुकाउन खोजिएको संकट

